# शान्ति तथा पुनर्निर्माण मन्त्रालय
# आर्थिक वर्ष २०६८/०६९ को बजेट, कार्यक्रम
# तथा
# हालसम्म सम्पादित मुख्य मुख्य कामहरुको
# प्रगति विवरण

(नेपाल सरकारको लोगो)

नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं.४२११९८९, ४२१११७०, ४२१११७६, ४२११०८९
फ्याक्स: ९७७-१-४२१११८६

website: www.peace.gov.np
Email: info@peace.gov.np

## पृष्ठभूमि

नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भएपछि सम्झौताले निर्देश गरे बमोजिम द्वन्द्वका नकारात्मक प्रभावहरुलाई न्यून गर्ने, द्वन्द्वपीडितहरुलाई तत्काल राहत प्रदान गर्ने, पुनःनिर्माण र पुनःर्स्थापन गरी सामाजिक एकीकरणका माध्यमवाट समाजमा रहेका दरारहरुलाई न्यून गर्दै मुलुकमा दिगो शान्ति कायम गर्नुका साथै सो सम्झौताको प्रभावकारी कार्यान्वयन गरी शान्ति प्रकृयालाई तार्किक निकर्षमा पुऱ्याउने गहन जिम्मेबारी शान्ति सचिवालयबाट भन्दा एउटा छुट्टै मन्त्रालयबाट निर्वाह गर्दा बढी उपयोगी र प्रभावकारी हुने देखी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६३/१२/१८ को निर्णयानुसार तत्कालीन शान्ति सचिवालय खारेज गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको गठन भएको हो ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४ अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत देहायका विषयहरु समावेश छन् :-

१. शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन, विकास र द्वन्द्ववाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालिन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन ।

२. द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति तथा कार्यक्रम ।

३. विस्तृत शान्ति सम्झौता लगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन तथा मूल्याकंन ।

४. दीगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रकृयागत तथा प्राविधिक विषय ।

५. शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापन सम्बन्धी अध्ययन, विश्लेषण तथा अनुभबहरुको आदान-प्रदान ।

६. द्वन्द्वका कारणवाट पीडित तथा विस्थापित व्यक्तिहरुको राहत तथा पुनःस्थापन ।

७. द्वन्द्व-संवेदनशील प्रणाली (Conflict Sensitivity Approach) बारे अध्ययन तथा अनुसन्धान ।

८. शान्ति स्थापना एवं द्वन्द्वको व्यवस्थापन सम्बन्धी सूचना, अध्ययन सामग्री एवं अध्ययन प्रतिवेदनहरुको अभिलेख केन्द्र (Depository and Documentation Centre) तथा शान्ति एवं द्वन्द्व व्यवस्थापनको प्राविधिक स्रोत केन्द्रको रुपमा कार्य गर्ने विषय ।

९. स्थानीय शान्ति समिति ।

१०. शान्ति प्रकृया र द्वन्द्वको संक्रमणकालिन व्यवस्थापन ।

११. शान्ति तथा पुनःस्थापना सम्बन्धी परामर्श समिति ।

१२. सत्य निरुपण तथा मेलमिलाप आयोग ।

१३. शान्ति प्रकृया सम्बन्धी उच्चस्तरीय अनुगमन समिति ।

१४. द्वन्द्वको कारणवाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण तथा पुन:स्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसँगको समन्वय ।

१५. शान्ति कोषवाट हुने योजना तथा कार्यक्रमको संचालन तथा अनुगमन ।

१६. विद्रोही पक्षको लडाकुको शिविर व्यवस्थापन ।

१७. शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित सरकारी, गैर सरकारी तथा अन्तर्राष्ट्रिय संघ संस्थाको सम्पर्क विन्दु ।

उल्लिखित कार्यक्षेत्र अन्तर्गत आर्थिक वर्ष २०६७।६८ मा यस मन्त्रालयद्वारा सम्पादित कार्यहरुको संक्षिप्त विवरण तथा चालु आ.व. २०६८/६९ को वार्षिक बजेट तथा कार्यक्रम यहाँ समावेश गरिएको छ ।

(रु हजारमा)

| क.सं. | कार्यक्रम/आयोजना | आ.व. २०६७/६८ | | | आ.व. २०६८/६९ को वार्षिक बजेट |
|---|---|---|---|---|---|
| | | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | प्रगति प्रतिशत | |
| १ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ७८६४० | ६२८२८ | ८१.८% | ७१६०१ |
| २ | शिविर व्यवस्थापन केन्द्रीय समन्वय कर्ताको कार्यालय | १२०७६२७ | ११८८७६५ | ९८.५% | १२०५८४५ |
| ३ | शान्ति कोष | ५७३२२०५ | १९४७१०३ | ३४% | ३५५०००० |
| ४ | **पुनर्निर्माण तथा पुनस्थापन** | **२८११२९** | **२०४४७०२** | **७२.०८%** | **३६३९४४०** |
| | क) राहत तथा पुनस्थापन | ३५५१७९ | २९८९५४ | ८४.२% | २३००००० |
| | ख) पुननिर्माण | २४५५९५० | १७४५७४८ | ७१.१% | १३३९४४० |
| ५ | शान्ति प्रक्रिया सहयोग आयोजना | ५५११८० | ९८२५३ | १७.९% | ७०३३२४ |
| ६ | स्थानीय शान्ति समिति | २०४०९२ | ११५४५३ | ५६.६% | २१६२३६ |
| ७ | द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम | - | - | - | १००००० |
| ८ | शान्तिको लागि विकास कार्यक्रम | - | - | - | २००००० |
| | **कूल जम्मा** | **१०५८३०७३** | **५४५७१०४** | **६०.२६%** | **९६८६४४६** |

**शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट गत आ.व. २०६७/६८ मा सम्पन्न भएका मुख्य-मुख्य कार्यहरुको विवरण:**

**१. राहत तथा पुनस्थापना तर्फ**

आ.व. ०६७/६८ को अवधिमा र शुरु देखि आ.व. २०६७/६८ सम्म वितरण गरिएको राहत र पुनस्थापनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

(रकम रु. हजारमा)

| क. सं. | द्वन्द्वपीडित र राहतको प्रकार | कूल संख्या (जना) | आ.व. २०६७/६८ को प्रगति र खर्च | | शुरु देखि आ.व. २०६७/६८ सम्म राहत प्राप्त गर्ने व्यक्तिको संख्या र प्रदान गरेको रकम रु. | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | रकम | संख्या | रकम |
| १ | मृतकका हकदारलाई राहत | १७८२८ | २४४ | २४४०० | १३८९३ | १३८९३०० |
| २ | वेपत्ता पारिएका व्यक्तिका हकदार राहत | १४५२ | १०५ | १०५०० | १३०२ | १३०२०० |
| ३ | सर्वसाधारण मृतकका एकल महिला (विधवा) | ९००० | १८३२ | ४५८०० | ४८७३ | १२१८२५ |
| ४ | विस्थापित | २२८६३ (परिवार), | | | २५००० | २४०१४४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ८९१७१ (व्यक्ति) | | | | |
| ५ | सम्पत्ति क्षतिको राहत | १४४३८ | २७८५ | ५६१०० | ७०८५ | १९८७९९ |
| ६ | अङ्गभङ्ग, अपाङ्ग भएकाहरुलाई आर्थिक सहायता | ५९१२ | १७९४ | १०२९९० | २९५१ | १६५०७० |
| ७ | अपहरणमा परेका व्यक्ति राहत | २९८५ | ९९८ | २४९५० | १२१९ | ३०४७५ |
| ८ | जनआन्दोलन शहीद पारिवारिक वृत्ति | २६ | २६ | १९३४ | २६ | ५३८४ |
| ९ | जनआन्दोलन घाइते (५०%+) मासिकवृत्ति | २३ | २३ | ९९८ | २३ | २२९६ |
| १० | जनआन्दोलन घाइतेका सन्तान छात्रवृत्ति | २६ | २६ | ४२१ | २६ | १४३१ |
| ११ | शान्ति सम्झौता पश्चातका घटनामा परी मृत्यू हुनेका हकदारलाई राहत | ११० | २५ | ३७५० | २५ | ३७५० |
| १२ | ऐतिहासिक जनआन्दोलनका घाइतेलाई राहत | ३९८४ | ११५२ | १२१५० | ३२१६ | ४०६४७ |
| १३ | सशस्त्र द्वन्द्वको क्रममा आमा बाबु दुबै गुमाएका टुहुरा बालबालिका पुन:स्थापन कार्यक्रम | २४२ | १२१ | ७७५० | १२१ | ७७५० |
| १४ | द्वन्द्वपीडितहरुका लागि सीपमूलक तालिम | | ३२७ | ५२५० | ३२७ | ५२५० |

**नोट :**

१. माथिको तालिकामा सि.नं. ५ को सम्पत्ति क्षतिको राहत प्राप्त गर्ने संख्या ७०८५ जनामा कपिलवस्तु घटनाका १९६० र गृह मन्त्रालयबाट विगतमा राहत वितरण भएका ३००० समेत समावेश भएको तर राहत प्रदान गरेको कुल रकम रु. १९८७९९ मा गृह मन्त्रालयबाट प्रदान गरेको राहत रकम समावेश नभएको ।

२. माथिको तालिकामा सि.नं. १२ को ऐतिहासिक जनआन्दोलनका घाइतेलाई प्रदान गरिएको राहत विवरणमा कृष्ण किशोर घिमिरेको संयोजकत्वमा गठित समितिले राहत प्रदान गरेका २०६४ जना समेत समावेश भएको ।

## २. पुनर्निर्माण तर्फः

आ.व. ०६७/६८ र शुरु देखि आ.व. ०६७/६८ सम्म सम्पन्न भएका पुनर्निर्माण आयोजनाहरुको विवरण:

| आयोजना | पुनर्निर्माण गरिएका आयोजना संख्या | |
|---|---|---|
| | आ.व. ०६७/६८ | शुरु देखि आ.व. ०६७/६८ सम्म |
| विद्यालय भवन | १२४ | ४३८ |
| गा.वि.स. भवन | २६५ | ६०२ |
| सरदमुकाम स्थित सरकारी कार्यालय | ४६ | ३४७ |
| इलाका स्तरीय सरकारी कार्यालयहरु | ५८ | ३०६ |
| प्रहरी इकाई | १०२ | १०७ |
| पार्क स्मारक आदि | २१ | ३५ |
| अन्य विभिन्न योजनाहरु | २२ | ७७१ |
| **जम्मा आयोजना संख्या** | **६३८** | **२६०६** |
| **जम्मा खर्च** | **१७४५७४८०००** | **६३०१७५८०००** |

## ३.स्थानीय शान्ति समिति तर्फः

- ७२ जिल्लाका स्थानीय शान्ति समितिहरुबाट कार्यक्रम बनाई रकम माग भइ आए बमोजिम प्रत्येक स्थानीय शान्ति समितिका लागि ७ लाखका दरले अख्तियारी उपलब्ध गराइएको ।
- १४ जिल्लाहरुमा स्थानीय शान्ति समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम प्रदान गरिएको ।
- स्थानीय शान्ति समितिका पदाधिकारी र मन्त्रालयका कर्मचारीहरुलाई (जम्मा ४८ जना) द्वन्द्व व्यवस्थापन र मध्यस्थता विषयमा Training of Trainers (TOT) को तालिम दिइएको ।
- स्थानीय शान्ति समितिको कार्यसञ्चालन सम्वन्धमा (गा.वि.स./न.पा. स्तरीय शान्ति समिति गठन तथा सुसञ्चालन कार्यविधि) निर्देशिका तयार भएको ।
- स्थानीय शान्ति समितिको कार्य क्षेत्रगत शर्तहरु (TOR), निर्देशिका तथा स्थानीय शान्ति समिति सम्बन्धी सन्दर्भ सामग्रीहरु समेत संकलित ५००० प्रति स्थानीय शान्ति समिति सम्वन्धी हाते पुस्तिका (Tool Kit) छपाइ तथा वितरण गरिएको ।
- स्थानीय शान्ति समितिका संयोजक, महिला सदस्य र कार्यालय सचिवहरुलाई अन्तर जिल्ला स्थानीय शान्ति समितिहरुमा अध्ययन/अवलोकन भ्रमण गराइएको ।
- आ.व.२०६७/६८ को अन्त सम्ममा ७४ जिल्लास्तरीय, २५ नगरपालिकास्तरीय र करिव १५०० गाउँ विकास समितिस्तरीय शान्ति समितिहरु गठन गरिएको ।
- स्थानीय शान्ति समितिलाई मन्त्रालयको सम्पर्क विन्दु (Focal Point) को रुपमा कार्य गराउदै आएको ।

## ४. शान्तिकोष तर्फः

- हालसम्म शान्तिकोषको आर्थिक सहयोगमा ४० वटा आयोजना संचालन भएकोमा २४ वटा आयोजनाहरु सम्पन्न भइसकेका र १६ वटा आयोजनाहरु संचालनमा रहेका । सम्पन्न भैसकेका आयोजनाहरुमा शान्तिकोषबाट जम्मा रु. ३ अर्व ५० करोड लगानी भएको ।
- हालसम्म शान्तिकोषबाट आयोजना संचालनको लागि रु. १० अर्व ८७ करोड स्वीकृत भएको ।
- हाल संचालन भैरहेका आयोजनाहरुका लागि शान्तिकोष बाट रु. ६ अर्व ९० करोड स्वीकृति भएको ।
- शान्तिकोषबाट हाल संचालित प्रमुख आयोजनाहरु :

  - शिविर व्यवस्थापन आधारभुत आवश्यकता परिपूर्ति आयोजना ।
  - प्रहरी इकाई निर्माण आयोजना (१०० वटा इकाई निर्माण) - पहिलो चरण ।
  - शिविरमा खानेपानी आयोजना ।
  - शिविरमा पँहुच सडक निर्माण आयोजना ।
  - शिविरमा स्वास्थ्य व्यवस्थापन आयोजना ।
  - द्वन्द्वपीडितकाहरुको लागि पुनस्थापन आयोजना ।
  - विशेष समितिको सचिवालय सहयोग आयोजना ।
  - बारुदी सुरुङ्ग आयोजना ।
  - स्थानीय शान्ति समिति सुदृढीकरण आयोजना ।
  - प्रहरी इकाईहरुको निर्माण आयोजना-दोश्रो चरण ।
  - मतदाता नामावली संकलन सहयोग आयोजना- दोश्रो चरण ।
  - शिविर व्यवस्थापन आयोजना ।
  - पुनस्थापन केन्द्र (वि.पी. कोइराला स्वास्थ्य प्रतिष्ठान) ।

- द्वन्द्वका कारण अपाङ्ग भएका व्यक्तिहरुको पुनस्थापन सेवा (National Disabled fund)।
- आदिवाशी जनजातिको अधिकारका सम्वन्धमा छलफलद्वारा शान्ति निर्माणमा सहयोग (Peace building through dialogue on indigenous Nationality)।

## ५. मन्त्रालयबाट सम्पादित अन्य मुख्य मुख्य कार्यहरुः

- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्ति सम्वन्धी छानवीन आयोग गठन गर्ने सम्वन्धमा विधेयक तयार गरी व्यवस्थापिका-संसदमा प्रस्तुत गरिएको।
- मुलुक संघीय पद्धतिमा जानेक्रममा शान्ति तथा पुननिर्माण मन्त्रालयको संरचनागत स्वरुपका सम्बन्धमा अध्ययन गरी सो को प्रतिवेदन तत्कालीन प्रशासन पुनसंरचना आयोगलाई उपलव्ध गराइएको।
- भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याइएको।
- मन्त्रालयमा E-attendence लागु गरिएको।
- स्थानीय स्तरसम्म शान्ति सन्देश फैलाउने उद्देश्यले विभिन्न ५० वटा स्थानीय एफ. एम रेडियो मार्फत शान्ति तथा पुनर्निर्माण सम्वन्धी गतिविधि लगायतका सूचनामूलक सन्देश एवं शान्ति प्रवर्द्धनात्मक कार्यक्रमहरु प्रशारण गरिएको।
- नेपाल टेलिभिजन मार्फत साप्ताहिक रुपमा "शान्ति अभियान" नामक खोजमुलक कार्यक्रम र रेडियो नेपाल मार्फत साप्ताहिक रुपमा "शान्ति तथा पुनर्निर्माण र नयाँ विहानी" कार्यक्रम सञ्चालन गरिएको।
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनस्थापना एवं पुनःएकीकरणको लागि राष्ट्रिय कार्ययोजना तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६७ पुष १४ गते स्वीकृत प्राप्त गरी सार्वजनिकीकरण गर्नुको साथै कार्ययोजना छपाई गरी सरोकारवाला तथा जिम्मेवार निकायहरुमा कार्यान्वयनको लागि वितरण गरिएको।
- संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं.१३२५ र १८२० कार्यन्वयन राष्ट्रिय कार्ययोजना तयार गरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०६७ माघ १८ गते स्वीकृत प्राप्त गरी सार्वजनिकीकरण गर्नुको साथै कार्ययोजना छपाई गरी सरोकारवाला तथा जिम्मेवार निकायहरुमा कार्यान्वयनको लागि वितरण गरिएको।
- सरकारी वार्ता टोली र नेपाल पिछडावर्ग, क्षत्री राष्ट्रिय आन्दोलन समिति, महिला दवाव अभियान, ब्राह्मण समाज नेपाल, चुरेभावर राष्ट्रिय एकता पार्टी, किराँत जनबादी वर्कस पार्टी, अखिल तराई मुक्ति मोर्चा र नेपाल शैक्षिक गणतान्त्रिक मञ्च विच वार्ता भई हालसम्ममा विभिन्न २६ वटा समूहहरुसंग विभिन्न सहमति कायम भएको।
- शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट स्थानीय स्तरमा संचालन हुने राहत, पुनर्निर्माण तथा पुनर्स्थापन सम्बन्धी कार्य लगायतका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन पाँचै विकास क्षेत्रहरुमा भएको प्रमुख जिल्ला अधिकारीहरु र सुरक्षा निकायका प्रमुखहरु सम्मिलित गोष्ठीमा मन्त्रालयका कार्यक्रमहरुको बारेमा अवगत गराईएको।
- आ.वं २०६७/६८ मा २१ वटा बारुदी सुरुङ्ग नष्ट गर्ने कार्य सम्पन्न भई सशस्त्र द्वन्द्वकालमा विच्छ्याइएका सम्पूर्ण ५३ स्थानका बारुदी सुरुङ्ग नष्ट गर्ने कार्य सम्पन्न भएको।
- UNMIN को प्रमाणीकरणबाट योग्य नठहरिएका ४००८ जना माओवादी सेनाका लडाकुहरुको वहिर्गमन भएको।
- शिविरमा रहेका १९६०२ माओवादी सेनाका लडाकुहरुलाई नियमित रुपमा मासिक भत्ता र भरणपोषण उपलव्ध गराइएको।
- व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने कार्य भइरहेको।
- पुनर्निर्माण पुनस्थापना एवं राहतका कार्यहरुको प्रभावकारी अनुगमनको लागि पाचै विकास क्षेत्रमा मन्त्रालयका पाँच जना सहसचिवहरुको संयोजकत्वमा छुट्टा छुट्टै अनुगमन टोली गठन गरी अनुगमनको कार्यलाई प्रभावकारी बनाइएको।